# नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क-१३ (आश्विन-कार्तिक २०७४)


## विश्व लगानीकर्ता सप्ताह सञ्चालन

**(२०७४।०६।२२ - २०७४।०६।२८)**



*अन्तर्संवाद कार्यक्रमको एक झलक : बायाँ तर्फबाट क्रमशः बोर्ड अध्यक्ष डा. कार्की, प्रा.डा. राजन ब. पौडेल, लगानीकर्ता संघका अध्यक्षहरु अम्बिका प्र. पौडेल र उत्तम अर्याल ।*

बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रि संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्य भैसकेको परिप्रेक्ष्यमा IOSCO ले २०१७ अक्टोबरमा विश्व लगानीकर्ता सप्ताह (World Investors Week-WIW, 2017) मनाउन आव्हान गरे अनुरुप बोर्डले पहिलो पटक २०७४।०६।२२ देखि २०७४।०६।२८ सम्म देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरी लगानीकर्ता सप्ताह मनाएको छ ।

### (क) सन्देशमुलक सामग्री प्रकाशन

**(२०७४।०६।२३)**

विश्व लगानीकर्ता सप्ताह मनाउने क्रममा बोर्डले २०७४।०६।२३ मा विभिन्न पाँच राष्ट्रिय दैनिक पत्रपत्रिका र एक अनलाइन सञ्चारमाध्यममार्फत् धितोपत्र बजारका लगानीकर्ताहरुलाई धितोपत्र लगानी सम्बन्धमा सन्देशमुलक सामग्रीहरुको प्रकाशन गरेको छ ।

### (ख) अर्न्तसम्वाद कार्यक्रम सञ्चालन

**(२०७४।०६।२७ र २८)**

यस अवसरमा बोर्डले २०७४।०६।२७ मा टेलिभिजनमार्फत् बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्की, नेपाल सरकारका पूर्व सचिव तथा धितोपत्र बजार विज्ञ विमल वाग्ले र लगानीकर्ता अमृतनाथ रेग्मी बीच र २०७४।०६।२८ मा बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्की, त्रिभुवन विश्वविद्यालयका प्रा.डा. राजन बहादुर पौडेल र विभिन्न लगानीकर्ता संघका अध्यक्षहरु बीच गरी दुई अर्न्तसम्वाद कार्यक्रम संचालन गरेको छ । उक्त कार्यक्रममा बोर्ड अध्यक्ष डा. कार्कीले आइएस्कोले आव्हान गरे अनुरुप विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना गरी विश्व लगानीकर्ता सप्ताह मनाइएको जानकारी दिनुभयो । साथै, डा.कार्कीले धितोपत्रको दोस्रो बजारमा पूर्ण स्वचालित कारोबारको व्यवस्था तथा प्राथमिक बजारमा आस्बा प्रणालीको कार्यान्वयनबाट धितोपत्र बजारलाई प्रविधिमैत्री बनाउँदै यसको पहुँच देशव्यापी बनाउने, धितोपत्र सम्बन्धी नियमावलीहरुलाई समसामयिक बनाउँदै धितोपत्र व्यवसायीहरुको पुँजी वृद्धि गर्नुका साथै उनीहरुको कार्यक्षेत्र समेत विस्तार गरी नेपालको धितोपत्र बजारलाई गतिशिल बनाई आधुनिकतातर्फ लैजाने कार्यमा बोर्ड सक्रिय भएको बताउनुभयो ।

वास्तविक क्षेत्रका कम्पनीलाई धितोपत्र बजारमा आकर्षित गर्ने उद्देश्यले आवश्यक व्यवस्थाहरु समावेश गरी नयाँ नियमावली तथा निर्देशिका जारी गरिएको तथा धितोपत्रको दोस्रो बजारमा अवाञ्छित गतिविधि सञ्चालन गर्ने केही धितोपत्र व्यवसायीलाई कारवाही समेत गरिएको जानकारी दिदैं डा.कार्कीले धितोपत्र बजारलाई स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउने कार्यमा बोर्ड सक्रिय रहेको बताउनुभयो ।

सोही अर्न्तसम्वाद कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्रा.डा.राजन बहादुर पौडेलले धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले पछिल्लो समयमा देखाएको गतिशिलतालाई सकारात्मक रुपमा लिनुपर्ने बताउँदै लगानी निर्णयका लागि आवश्यक सूचनाको प्रवाहमा नियमन निकाय, स्टक एक्सचेन्ज र अन्य बजार सहभागीहरु समेत जिम्मेवार हुनुपर्ने औल्याउँनुभयो । सो कार्यक्रममा इन्भेष्टर्स फोरमका तर्फबाट अम्बिका प्रसाद पौडेलले धितोपत्र बजारमा वास्तविक क्षेत्रको प्रवेशबाट मात्र समग्र पुँजी बजारको विकास हुने, धितोपत्र बजारसँग सम्बन्धित निकायहरु प्रविधिमैत्री हुनुपर्ने जस्ता विचारहरु राख्नुभएको थियो भने लगानीकर्ता संघका अध्यक्ष उत्तम अर्यालले पछिल्लो समयमा बोर्डले चालेका कदमहरुलाई सकारात्मक रुपमा लिएको र सकारात्मक योजनाहरुको कार्यान्वयनमा लगानीकर्ता सघंले हातेमालो गर्ने बताउनुभयो ।


यस भित्र
प्राथमिक बजारमा भएका सुधार तथा विकासहरु पृ. ४
दोस्रो बजारमा भएका सुधार तथा विकासहरु पृ. ५
छलफल तथा अन्तर्क्रिया पृ. ६
नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंकबीच सूचना आदान प्रदान... पृ. ८

## (ग) लगानीकर्ता प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रम (२०७४।०६।२६)

विश्व लगानीकर्ता सप्ताह तथा बोर्डको रजत जयन्ती वर्षको अवसरमा बोर्डले लगानीकर्ता तथा लगानीकर्ता संघका पदाधिकारीको उपस्थितिमा बोर्ड परिसरमा लगानीकर्ता प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । यस कार्यक्रममा अतिथिको रुपमा उपस्थित विभिन्न लगानीकर्ता संघका अध्यक्षहरु उत्तम अर्याल र नवराज सुवेदीले विश्व लगानीकर्ता सप्ताह बोर्डले नेपालमा पनि मनाई लगानीकर्तालाई विशेष ध्यान दिएको तथा यस प्रकारका कार्यक्रमलाई बोर्डले देशभर संचालन गर्नुपर्नेमा विशेष जोड दिनुभयो । कार्यक्रममा लगानीकर्ता संघका अध्यक्षहरु, पदाधिकारीहरु तथा सर्वसाधारण लगानीकर्ताहरुले आफूले भोग्नुपरेको समस्याका सम्बन्धमा प्रस्तुत गर्दै लगानीकर्ताको हक हित संरक्षणमा बोर्ड अझै कटिबद्ध हुन आग्रह गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्कीले बोर्डको अधिकार तथा कार्यक्षेत्र भित्र रहेर बोर्डले लगानीकर्ताको हित संरक्षणलाई सधै पहिलो प्राथमिकतामा राख्दै बजार विकास तथा सुधारका कार्य गरिरहेको बताउनुभयो । उहाँले ब्रोकरमार्फत् मार्जिन ट्रेडिङ्ग सेवा शुरु गर्ने तयारीको अन्तिम चरणमा बोर्ड रहेको जानकारी समेत दिनुभयो । कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका बोर्डका कार्यकारी निर्देशक परिष्ट नाथ पौड्यालले रजत जयन्ती वर्षको उपलक्ष्यमा बोर्डले देशका विकट जिल्ला सहित विभिन्न स्थानहरुमा कम्तिमा २५ लगानीकर्ता प्रशिक्षण तथा सचेतना कार्यक्रम यही वर्ष गर्ने जानकारी दिँदै विवेकशील लगानीकर्ता कसरी बन्न सकिन्छ भन्ने कुराको सम्बन्धमा जानकारी दिनुभएको थियो । बोर्डका निर्देशक डा.नवराज अधिकारीले धितोपत्रमा लगानीसम्बन्धी आधारभूत जानकारी र बजार सुधार तथा विकाससम्बन्धी बोर्डको पहल तथा कार्यक्रम, धितोपत्र बजारसम्बन्धी विविध जानकारी तथा यसमा निहित जोखिमका विषयमा उपस्थित सबैलाई



*बोर्डमा आयोजित लगानीकर्ता प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रममा सहभागीहरुलाई प्रशिक्षित गर्दै बोर्डका निर्देशक डा. नवराज अधिकारी*

प्रशिक्षित गर्नुभयो । कुल ७५ जनाको सहभागिता रहेको उक्त कार्यक्रमको संचालन बोर्डका उप निर्देशक नारायण प्रसाद शर्माले गर्नु भएको थियो ।

विश्व लगानीकर्ता सप्ताहको उपलक्ष्यमा यस प्रकारको कार्यक्रम पहिलो पटक आयोजित भएपनि यस अघि वि.सं. २०६५ साल यता बोर्डले उद्योग वाणिज्य महासंघ, स्थानीय क्याम्पस तथा विद्यालय र अन्य विभिन्न संघ संस्थासँगको सहकार्यमा ६३ जिल्लामा ११० भन्दा बढी कार्यक्रममार्फत् १३ हजारभन्दा बढी लगानीकर्तालाई प्रत्यक्ष रुपमा प्रशिक्षित गर्ने कार्य गरिसकेको छ ।

## बोर्डलाई IOSCO ले GEM Committee सदस्यता प्रदान तथा अध्यक्ष डा.कार्की GEM Committee बैठकमा सहभागी

बोर्डले IOSCO को सदस्यता प्राप्त गरेको छ महिनामा नै IOSCO ले बोर्डलाई Growth and Emerging Market (GEM) Committee को जनवरी १९, २०१७ मा सदस्यता प्रदान गरेको र सो Committee को सेप्टेम्बर २०-२१, २०१७ मा श्रीलंकाको राजधानी कोलोम्बोमा सम्पन्न बैठकमा बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्की सहभागी हुनु भयो । IOSCO को विकसित तथा उदीयमान धितोपत्र बजारका नियमन निकायहरु संलग्न भएको GEM समिति IOSCO को सबैभन्दा ठूलो समिति हो जसमा १०७ सदस्यहरु रहेका छन् ।


श्रीलंकाका सम्माननीय प्रधानमन्त्री श्री रनिल विक्रमेसिंगेद्वारा उद्घाटन गरिएको उक्त बैठकको सभापतित्व GEMC का अध्यक्ष डा. रञ्जित अजित सिंहले गर्नुभएको थियो । डा. सिंह Securiites Comission, Malaysia को अध्यक्ष हुनुहुन्छ । उक्त बैठकमा प्रभावकारी सुपरिवेक्षण तथा अनुसन्धानका लागि प्रविधिको महत्वको विषयमा छलफल भएको र Churning, Pump and Dump, Insider Trading जस्ता ट्रेडिङ्ग गतिविधिहरु तथा अन्य शंकास्पद कारोवारहरु प्रविधिको माध्यमबाट नै पत्ता लगाउन सकिने कुरामा सहभागीहरुले जोड दिनुभएको थियो । उक्त बैठकका दौरान बोर्ड अध्यक्ष डा.कार्कीले IOSCO का महासचिव श्री पावल एन्ड्रियुजसँग छुट्टै भेट गरी अन्तर्राष्ट्रियस्तरको धितोपत्र बजार विकास गर्न बोर्ड अग्रसर रहेको बताउँदै नेपालमा पनि IOSCO को सहयोगमा अन्तर्राष्ट्रिय सेमिनार आयोजना गर्ने बोर्डको योजना रहेको बताउनु भएको थियो । IOSCO GEM Committee बैठकमा बोर्डका कार्यकारी निर्देशक परिष्टनाथ पौड्यालको समेत सहभागिता रहेको थियो ।

## बोर्डलाई अध्यक्ष डा.कार्की IOSCO APRC Committee बैठकमा सहभागी

बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्की सेप्टेम्बर १८-१९, २०१७ मा श्रीलंकाको राजधानी कोलोम्बोमा सम्पन्न IOSCO को Asia Pacific Regional Committee (APRC) बैठकमा सहभागी हुनु भएको छ । जापानको वित्तीय क्षेत्रको नियमन निकाय Financial Services Agency, Japan का Deputy Commissioner श्री जुन मिजुगुचीले अध्यक्षता गर्नुभएको यस समितिको गठन एशिया प्यासिफिक क्षेत्रको धितोपत्र बजार नियमन तथा विकासमा केन्द्रीत हुन भएको हो । हाल यस समितिमा नेपाल धितोपत्र बोर्ड सहित २९ सदस्य रहेका छन् । साइवर जोखिम र सूचना सुरक्षाको महत्व, सदस्य देशको धितोपत्र बजारमा भएका सुधार लगायतका विषयमा छलफल भएको उक्त बैठकमा बोर्ड अध्यक्ष डा.कार्कीले नेपालको धितोपत्र बजारमा हालसालै भएका सुधार तथा विकास सम्बन्धमा जानकारी दिनु भएको थियो । उक्त बैठकमा विदेशी लगानीकर्तालाई आकर्षित गर्न उच्च प्रविधियुक्त (High Tech) तथा कारोवार समय लामो भएको स्टक एक्सचेन्ज भारतको अहमदावादमा संचालन हुन लागेको, सिंगापुरमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा २ बैंक बन्द गरिएको तथा ८ बैंकलाई यस विषयमा ३० मिलियन अमेरिकी डलर बराबरको रकम जरिवाना गरिएको, श्रीलंकाले IOSCO सिद्धान्तमा आधारित भई नयाँ धितोपत्र सम्बन्धी ऐनको मस्यौदा गरिरहेको जस्ता जानकारी पनि सदस्य राष्ट्रहरु बीच आदान प्रदान भएको थियो । सो बैठकमा बोर्डका कार्यकारी निर्देशक परिष्टनाथ पौड्यालको समेत सहभागिता रहेको थियो ।

# धितोपत्र बजारको स्थिति

आ.व. २०७४।७५ को प्रथम चार महिनामा धितोपत्र बजारको अवस्था मिश्रित देखिएको छ । प्राथमिक बजारमार्फत् पुँजी परिचालन गर्ने संगठित संस्थाको संख्या र कुल पुँजी परिचालन रकम दुवैमा गत आ.व. को सोही अवधिको तुलनामा केही ह्रास आएको छ । समीक्षा अवधिमा प्राथमिक निष्काशन, हकप्रद निष्काशन र म्युचुअल फण्डमार्फत् हुने पुँजी परिचालनमा कमी आएको छ । समीक्षा अवधिमा विभिन्न कम्पनीले २३ सार्वजनिक निष्काशनमार्फत् कुल रु. १२ अर्ब ५२ करोड बराबरको पुँजी परिचालन गरेका छन् जुन अघिल्लो आ.व.को सोही समयावधिको तुलनामा करिब १७ प्रतिशतले कम हो । साधारण सेयर निष्काशनमार्फत् हुने पुँजी परिचालनमा पनि अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ८० प्रतिशतले कमी आएको छ । आ.व. २०७४।७५ को पहिलो चार महिनामा संगठित संस्थाहरुले हकप्रद निष्काशनमार्फत् बढी पुँजी परिचालन गरेका छन् ।




उक्त अवधिमा कूल पुँजी परिचालनको करिब ६८ प्रतिशत पुँजी परिचालन हकप्रद सेयर निष्काशनमार्फत् भएको छ भने सबैभन्दा कम पुँजी परिचालन साधारण सेयर निष्काशनबाट भएको छ । हकप्रद सेयर निष्काशनतर्फ स्वीकृती पाउनेमा एक वाणिज्य बैंक, १० विकास बैंक, पाँच वित्त कम्पनी र एक बीमा कम्पनी रहेका छन् भने साधारण सेयरको प्राथमिक निष्काशनतर्फ स्वीकृती पाउनेमा एक विकास बैंक र एक जलविद्युत कम्पनी रहेका छन् । समीक्षा अवधिमा विकास बैंक समूहको एक सूचिकृत कम्पनीले मात्र साधारण सेयरको थप निष्काशन गरेको छ । विगत तीन आर्थिक वर्षको प्रथम चार महिनाको धितोपत्रको प्राथमिक बजारलाई तालिका-१ मा प्रस्तुत गरिएको छ ।


तालिका-१: धितोपत्रको प्राथमिक बजार (प्रथम चार महिनामा आधारित)

| विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| प्राथमिक निष्काशन | ३ | २.१० | ३ | ०.४४ | २ | ०.०९ | ०.०० | -३३.३३ | -७९.०५ | -७९.५५ |
| हकप्रद निष्काशन | १० | १.७३ | २५ | ११.६५ | १८ | ९.५३ | १५०.०० | -२८.०० | ५७३.४१ | -१८.२० |
| थप निष्काशन | - | - | - | - | १ | ०.१० | - | - | - | - |
| म्यूचूअल फण्ड | - | - | ३ | ३.०० | २ | २.८० | - | -३३.३३ | - | -६.६७ |
| **जम्मा** | १३ | ३.८३ | ३१ | १५.०९ | २३ | १२.५२ | १३८.४६ | -२५.८१ | २९३.९९ | -१७.०३ |

*स्रोत : नेपाल धितोपत्र बोर्ड ।*

समीक्षा अवधिमा धितोपत्रको दोस्रो बजारका अधिकांश परिसूचकहरुमा गिरावट आएको छ । वार्षिक विन्दुगत आधारमा चालु आ.व. को कार्तिक मसान्तको नेप्से सुचकांकमा अघिल्लो वर्षको तुलनामा १२.५१ प्रतिशतको गिरावट आई १४८९.०६ विन्दु कायम भएको छ । अघिल्लो आ.व.को कार्तिक मसान्तमा उक्त सुचकांक १७०१.९१ विन्दुमा रहेको थियो । आ.व. २०७४।७५ को प्रथम चार महिनामा धितोपत्रको दोस्रो बजारमा कुल ७६ दिन कारोबार भई रु. ५१.७८ अर्ब मूल्य बराबरको धितोपत्र कारोबार भएको छ जुन अघिल्लो आ.व.को सोही अवधिको तुलनामा करिब ४० प्रतिशत कम हो । यस अवधिमा धितोपत्रको दैनिक औसत कारोबार रु. ६८ लाख रहेको छ । मर्जर तथा एक्यूजिसिनका कारण बैंक तथा वित्तीय संस्थाको संख्यामा कमी आएसँगै समीक्षा अवधिमा सूचिकृत कम्पनीको संख्या १९७ रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिमा २२० रहेको थियो । समिक्षा अवधिको अन्त्यमा धितोपत्र बजारको कुल बजार पुँजीकरणमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८.६० प्रतिशतले गिरावट आई रु. १७२८.६८ अर्ब पुगेको छ जुन अघिल्लो आ.व. को सोही समय अवधिको अन्त्यमा रु. १८९१.३५ अर्ब रहेको थियो । विगत तीन आ.व.को प्रथम चार महिनाको धितोपत्रको दोस्रो बजारलाई तालिका-२ मा प्रस्तुत गरिएको छ ।

चार्ट-२ : प्रथम चार महिनामा नेप्से तथा नेप्से फ्लोट सूचकांकको प्रवृति




तालिका-२: धितोपत्रको दोस्रो बजार

| विवरण | आर्थिक वर्ष (प्रथम ४ महिनामा आधारित) | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| सुचिकत कम्पनीको संख्या | २२४ | २२० | १९७ | -१.७९ | -१०.४५ |
| धितोपत्रको कारोबार (रु. अर्बमा) | ३४.०३ | ८७.३२ | ५१.७८ | १५६.६० | -४०.७० |
| कारोबार दिन | ७२.०० | ७३.०० | ७६.०० | १.३९ | ४.११ |
| औसत दैनिक कारोबार रकम (रु. करोडमा) | ०.४७ | १.२० | ०.६८ | १५५.३२ | -४३.३३ |
| कारोबार भएको कूल सेयर संख्या (करोडमा) | ६.८० | १४.३८ | १२.२२ | १११.४७ | -१५.०३ |
| कारोबार संख्या | १९४,२४० | ४४१,१७१ | ५०५,९५८ | १२७.१३ | १४.६९ |
| सूचिकृत धितोपत्रको बजार पूँजीकरण (रु.अर्बमा) | ११५६.१२ | १८९१.३५ | १७२८.६८ | ६३.५९ | -८.६० |
| फ्लोट बजार पूँजीकरण (रु.अर्बमा) | ३७२.४६ | ६५१.४२ | ५७९.४९ | ७४.९० | -११.०४ |
| बजार पूँजीकरणमा कारोबारको प्रतिशत | ८.८३ | १३.८५ | ८.९९ | ५६.८५ | -३५.०९ |
| कूल ग्रार्हस्थ उत्पादनमा बजार पूँजीकरणको प्रतिशत | ५४.२७ | ८४.१६ | ६६.५१ | ५५.०८ | -२०.९७ |
| कूल ग्रार्हस्थ उत्पादनमा फ्लोट पूँजीकरणको प्रतिशत | १७.४९ | २८.९९ | २२.२९ | ६५.७५ | -२३.११ |
| नेप्से सूचकांक | १०९४.१८ | १७०१.९१ | १४८९.०६ | ५५.५४ | -१२.५१ |
| नेप्से सेन्सिटिभ सूचकांक | २३६.१६ | ३६८.२८ | ३१३.१२ | ५५.९५ | -१४.९८ |
| नेप्से फ्लोट सूचकांक | ७८.०१ | १२७.१२ | १०६.९० | ६२.९५ | -१५.९१ |

*स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.।*

# प्राथमिक बजारमा भएका सुधार तथा विकासहरु

## हकप्रद सेयर निष्काशनमा नयाँ व्यवस्था (२०७४।०७।१२)

प्राथमिक बजारलाई आधुनिकीकरण गर्ने क्रममा बोर्डले आ.व. २०७३।७४ मा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ जारी गरी २०७३ माघबाट ऐच्छिक रुपमा आस्बा प्रणाली लागू गरेकोमा २०७४ श्रावणबाट अनिवार्य गरेको छ । यसबाट धितोपत्रको सार्वजनिक निष्काशन थप सरल, व्यवस्थित, पारदर्शी र मितव्ययी भई धितोपत्रको सार्वजनिक निष्काशन तथा बाँडफाँड प्रक्रियामा थप सहजीकरण भएको सन्दर्भमा लगानीकर्ता, मर्चेन्ट बैंकर, वित्तीय संस्थाहरु सहित सरोकारवाला पक्षहरुबाट धितोपत्रको हकप्रद निष्काशनमा समेत आस्बा प्रणाली लागू गर्न अनुरोध भइरहेको पृष्ठभूमिमा बोर्डले धितोपत्रको हकप्रद निष्काशन प्रक्रियामा समेत आस्बा प्रणालीलाई अनिवार्य गरेको छ । साथै, बिक्री नभएको हकप्रद सेयरको लिलाम प्रक्रियामा उपत्यका बाहिरका इच्छुक लगानीकर्ताहरुले आवेदन दिन वञ्चित भएकाले सो प्रक्रियामा सबै लगानीकर्ताले समेत समान अवसर प्राप्त गर्न माग भई आएको कारण बिक्री नभएको हकप्रद सेयरको लिलाम प्रक्रियामा उपत्यका बाहिरका प्रमुख केन्द्रहरु विराटनगर, विरगञ्ज, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत तथा धनगढीहरुबाट लगानीकर्ताले समेत आवेदन दिन सक्ने व्यवस्था गर्ने गरी बोर्डले सम्पूर्ण मर्चेन्ट बैंकरहरु र आस्बा सदस्यहरुलाई निर्देशन दिएको छ । यस व्यवस्थाबाट धितोपत्रको हकप्रद निष्काशनमा लगानीकर्ताले सहज रुपमा आफ्नो हक प्रयोग गर्न सक्ने तथा बिक्री नभएको हकप्रद सेयर लिलाम प्रक्रियामा लगानीकर्ताको सहभागितामा वृद्धि भई सहज तथा सरल ढंगले आवेदन दिन सक्ने भएकाले आगामी दिनमा धितोपत्रको हकप्रद निष्काशन थप सहज, समावेशी र लगानीमैत्री भई धितोपत्र बजारको पहुँच देशव्यापी हुने देखिएको छ ।

## धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन (C-ASBA) निर्देशिका स्वीकृत (२०७४।०७।१९)

सार्वजनिक निष्काशन कार्यलाई थप सरल र व्यवस्थित बनाउने उद्देश्य बमोजिम सिडिएसले प्रस्तुत गरेको धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ लाई बोर्डले २०७४ कार्तिक १९ मा स्वीकृत गरेको छ । सम्बन्धित सबै सरोकारवालाहरु, स्टक एक्सचेन्ज, बैंक तथा वित्तीय संस्था, मर्चेन्ट बैंकर र निक्षेप सदस्यहरुसँग अन्तर्क्रिया तथा छलफल गरी आवश्यक परिमार्जन सहित उक्त निर्देशिकालाई केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० बमोजिम बोर्डले स्वीकृति प्रदान गरेको हो । निष्काशन तथा बिक्री प्रबन्धक र अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाका लागि धितोपत्र खरिद सम्बन्धी दरखास्तको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्नुका साथै सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुले प्रदान गर्ने सेवामा एकरुपता कायम गर्ने उद्देश्यले उक्त निर्देशिका तयार गरिएको हो ।

### केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन (C-ASBA) निर्देशिकाको विशेषताहरु

- बैंक खाता र हितग्राही खाता रुजु गरी केन्द्रीकृत रुपमा प्रविष्टि गर्न मिल्ने, निष्काशन तथा बिक्री प्रबन्धकलाई दोहोरो आवेदनको स्थिति बुझ्न तथा त्यस्ता आवेदनहरु रद्द गर्न सकिने, धितोपत्र बाँडफाँड गर्नको लागि अन्तिम विवरण तयार हुने लगायतका विशेषता भएको सि-आस्वा नामको सफ्टवेयर निर्माण गरी आस्वा सदस्यहरुलाई उपलब्ध गराउनुपर्ने ।
- बैंक तथा वित्तीय संस्थाले सि-आस्वा सफ्टवेयर प्रयोग गरी ग्राहकको खाताको विवरणसँग बैंक खाताको विवरण रुजु गर्ने, ग्राहकलाई रजिष्ट्रेशन नम्बर प्रदान गर्ने, ग्राहकबाट प्राप्त आवेदन रुजु गर्ने तथा प्रविष्टि गर्ने, सफ्टवेयरबाट प्राप्त रिपोर्टको आधारमा ग्राहकको बैंक खाता रोक्का राख्ने, डेबिट गर्ने वा फुकुवा गर्ने तथा सोको रिपोर्ट सफ्टवेयरमा प्रविष्टि गर्ने लगायतका कार्य गर्ने ।
- सि-आस्वा अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थामा खाता रहेका ग्राहकले आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्यमार्फत् इन्टरनेटमार्फत् आवेदन दिन सक्ने ।
- बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहकको खातामा रोक्का रहेको रकममध्ये बाँडफाँड भएको सेयर बापतको रकम रकमान्तरण गरी बाँकी रकम फुकुवा गर्ने र निष्काशन तथा बिक्री प्रबन्धकले सिडिएसमा आवश्यक प्रक्रिया पुरा गरी सम्बन्धित ग्राहकको हितग्राही खातामा सेयर हस्तान्तरण गर्ने ।

## दोस्रो बजारमा भएका सुधार तथा विकासहरु

### मार्जिन कारोबार सम्बन्धी नीतिगत व्यवस्था (२०७४।०७।२०)

अन्तर्राष्ट्रिय धितोपत्र बजारमा उपलब्ध भैरहेका सेवाहरुलाई नेपालको धितोपत्र बजारमा समेत उपलब्ध गराई यस बजारलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने तथा धितोपत्र दलालको पुँजी वृद्धि भएसँगै नेपालको धितोपत्र बजारमा मार्जिन कारोबारसम्बन्धी व्यवस्था गरी धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्न बोर्डले मार्जिन कारोबार सम्बन्धी केही नीतिगत व्यवस्था गरेको छ । "मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४" बोर्डले जारी गरी यस सम्बन्धी कार्यविधि बनाई पेश गर्न स्टक एक्सचेन्ज तथा धितोपत्र दलाल व्यवसायीहरुलाई निर्देशन दिएको छ । यसको कार्यान्वयनसँगै दोस्रो बजारमा लगानीकर्तालाई सेयर खरिद बिक्री गर्न सहज भई धितोपत्रको तरलता वृद्धि हुने अपेक्षा बोर्डले गरेको छ ।

### 'मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४ भएका मुख्य मुख्य व्यवस्थाहरु

- कम्तिमा १० हजार सेयरधनी रहेको तथा नेटवर्थ सकारात्मक रही पछिल्लो दुई आर्थिक वर्षमा कम्तिमा वार्षिक १० प्रतिशत लाभांस वितरण गरेको सूचिकृत संगठित संस्थाहरुको सेयरमा मात्र मार्जिन कारोबार सुविधा उपलब्ध गराउनुपर्ने ।
- मार्जिन कारोबार सुविधा उपलब्ध गराउने धितोपत्र दलाल व्यवसायीको खुद सम्पति कम्तिमा रु.पाँच करोड हुनुपर्ने ।
- धितोपत्र दलाल व्यवसायीले सूचिकृत संगठित संस्थाको सेयरको १८० दिनको औसत मूल्य वा बजार मूल्यमध्ये जुन कम हुन्छ सोको ५० प्रतिशतले हुन आउने रकम ग्राहकसँग प्रारम्भिक मार्जिन (Initial Margin) को रुपमा लिनुपर्ने ।
- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अवधि भर बजारको अवस्था तथा जोखिम हेरी ग्राहकसँग न्यूनतम ४० प्रतिशत मेन्टेनेन्स मार्जिन (Maintenance Margin) लिनुपर्ने ।
- ग्राहकले मार्जिन कारोबारमा खरिद गरेको सेयरमा आवश्यक पर्ने मेन्टेनेन्स मार्जिन भुक्तान गर्न नसकेमा धितोपत्र दलाल व्यवसायीले सो सेयर बिक्री गर्न सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले आफ्नै स्रोत वा वाणिज्य बैंकसँग रकम लिएर मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवर्थको दुई गुणासम्म मार्जिन कारोबार सुविधा प्रदान गर्न सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले आफ्नो कुनै एक ग्राहक वा निजको एकाघरका सदस्यलाई आफ्नो नेटवर्थको बढीमा १० प्रतिशत सम्म मात्र कारोबार सुविधा उपलब्ध गराउन सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउँदा ग्राहकसँग सम्झौता गरी प्रारम्भिक मार्जिन, मेन्टेनेन्स मार्जिन, मार्जिन कल, सेवा शुल्क, खरिद गर्ने सेयरको विवरण इत्यादि शर्त/व्यवस्थाहरु खुलाउनुपर्ने ।
- साथै, यस सुविधा अन्तर्गत खरिद गरिएका सेयरसहितको मार्जिन रकम विवरण ग्राहकको छुट्टाछुट्टै अभिलेख बनाई राख्नुपर्ने, लेखापरिक्षण गरिएको कारोबार भएको सेयरको हिसाब किताब तथा लेखा बोर्ड र स्टक एक्सचेन्जलाई पेश गर्नुपर्ने तथा ग्राहकको परिष्कृत पहिचान गर्नुपर्ने ।

## नियम परिपालना प्रतिवेदन बोर्डमा पेश गर्नुपर्ने व्यवस्था (२०७४।०७।१४)

बोर्डले धितोपत्र व्यवसायीको नियम परिपालनाको स्थितिलाई सुदृढ बनाउन नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरीङ्ग लि., धितोपत्र दलाल व्यवसायी र मर्चेन्ट बैंकरले अर्धवार्षिक रुपमा लेखापरीक्षकबाट प्रमाणित नियम परिपालना प्रतिवेदन (Compliance Report) बोर्डमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । धितोपत्र बजारको विकास तथा विस्तारमा नेप्से, सिडिएसका साथै अन्य धितोपत्र व्यवसायीहरुको महत्वपूर्ण भूमिका रहने हुँदा धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेका नियम, विनियम र निर्देशनहरुमा उल्लेखित संस्थाहरुको काम कारवाहीलाई व्यवस्थित तथा पारदर्शी बनाई संस्थागत सुशासन कायम गर्न विभिन्न व्यवस्थाहरु भएकोमा सो को परिपालनाको सम्बन्धमा जानकारी लिन उक्त व्यवस्था गरिएको हो । यसबाट स्टक एक्सचेन्ज, धितोपत्र दलाल व्यवसायी तथा मर्चेन्ट बैंकरको नियम परिपालनाको अवस्थामा सुधार भई उक्त संस्थाहरुको सेवा प्रवाह व्यवस्थित, अनुशासित एवं पारदर्शी हुने देखिएको छ ।

## नयाँ क्रेडिट रेटिङ्ग संस्थालाई स्वीकृति प्रदान

क्रेडिट रेटिङ्ग व्यवसायलाई प्रतिस्पर्धी बनाई यस क्षेत्रको व्यवसायिकता अभिवृद्धि गर्ने क्रममा बोर्डले केयर नेपाल लि. नामक क्रेडिट रेटिङ्ग संस्थालाई २०७४।०७।३० मा अनुमति प्रदान गरेको छ । क्रेडिट रेटिङ्ग व्यवसायलाई नियमित र थप व्यवस्थित गर्ने उद्देश्यले २०६८ सालमा जारी गरिएको क्रेडिट रेटिङ्ग नियमावली, २०६८ लाई समसामयिक बनाउन २०७४ बैशाख २२ मा उक्त नियमवालीमा दोस्रो संशोधन गरी तोके बमोजिम योग्यता पुगेका विदेशमा स्थापित भई क्रेडिट रेटिङ्ग व्यवसाय गरिरहेका संस्था वा सहायक कम्पनी मार्फत् क्रेडिट रेटिङ्ग गरिरहेका संस्थाले कम्तीमा ५१ प्रतिशत र बढीमा ७५ प्रतिशत स्वामित्व ग्रहण गरी प्रचलित कानुन बमोजिम नेपालमा संयुक्त लगानीमा कम्पनी स्थापना गरी क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था भएको छ । यस अघि त्यस्ता विदेशी क्रेडिट रेटिङ्ग कम्पनीहरुले न्यूनतम २५ प्रतिशत र अधिकतम ७५ प्रतिशत स्वामित्व कायम गर्न पाउने व्यवस्था थियो । साथै विदेशमा स्थापना भएको निवेदक संस्था वा निवेदक संस्थाको सहायक कम्पनीको हकमा कम्तीमा तीन वर्षको क्रेडिट रेटिङ्ग व्यवसाय सम्बन्धी अनुभव भएको तथा उक्त कम्पनी रहेको मुलुकको नियमन निकायबाट क्रेडिट रेटिङ्ग व्यवसाय गर्न अनुमतिपत्र प्रदान गरेको कम्तीमा तीन वर्ष पूरा भएको र त्यस्तो अनुमतिपत्र हालसम्म वहाल रहेको हुनुपर्ने व्यवस्था भएको छ । यसअघि उक्त व्यवसाय सम्बन्धी अनुभव न्यूनतम पाँच वर्ष हुनुपर्ने व्यवस्था गरिएको थियो । हाल अर्को एक क्रेडिट रेटिङ्ग संस्था पनि अनुमतिको लागि पाइपलाइनमा रहेको छ ।

## मर्चेन्ट बैंकर र धितोपत्र दलाल व्यवसायीलाई सचेत गराइएको (२०७४।०७।२७)

धितोपत्र बजार सूचना संवेदनशिल बजार भएको सन्दर्भमा मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायी आबद्ध पदाधिकारी तथा कर्मचारीहरुबाट समय समयमा विभिन्न छापा, अनलाइन एवं अन्य सञ्चार माध्यममार्फत् सेयर मूल्य घटबढ हुँदैछ भन्ने प्रकारका अभिव्यक्ति, अन्तर्वार्ता, लेख/समाचार सम्प्रेषण गर्ने गराउने तथा सो मार्फत् अस्वभाविक रुपमा सेयर बजार घटबढ गराउन अनुचित सहयोग गरेको भन्ने गुनासाहरु बोर्डमा पेश भएकोमा उक्त कार्य धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९७ (ग) बमोजिम बदनियतसाथ झुटा वा भ्रामक विवरण, प्रतिज्ञा वा पूर्व अनुमान बनाउने वा प्रकाशित गर्ने गरेको ठहरिनुका साथै धितोपत्र दलाल व्यवसायीले पालना गर्नुपर्ने व्यवसायिक मर्यादा सम्बन्धी निर्देशिका, २०५८ को समेत बर्खिलाप हुने भएकोले यस प्रकारका कार्यहरु नगर्न/नगराउन बोर्डले २०७४ कार्तिक २७ मा निर्देशन दिएको छ साथै यस्ता कार्य गरेको खण्डमा कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराएको छ ।

# छलफल तथा अर्न्तक्रिया

## वस्तु विनिमय बजार नियमावली सम्बन्धमा अर्न्तक्रिया कार्यक्रम (२०७४।०७।२१)

नेपाल सरकारले वस्तु विनिमय बजारको विकास तथा संचालन, लगानीकर्ताको हित संरक्षण, वस्तुको कारोवार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्न वस्तु विनिमय वजार सम्वन्धी ऐन, २०७४ मिति २०७४ भाद्र ११ गते देखि लागू गरेको पृष्ठभूमिमा उक्त ऐनको कार्यान्वयन ऐन प्रमाणिकरण भएको ९१ औं दिन अर्थात मिति २०७४ मंसिर ९ गते देखि हुने सन्दर्भमा बोर्डको वस्तु विनिमय वजार सम्बन्धी नियमावलीलाई अन्तिम रुप दिने क्रममा कमोडिटी डेरिभेटिभ्स् बजारका



*वस्तु विनिमय बजार नियमावली सम्बन्धी अर्न्तक्रिया कार्यक्रममा आफ्नो धारणा राख्दै बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्की ।*

सरोकारवाला पक्षहरुसँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, बोर्ड सदस्य एवं बोर्डका कानुन प्रवलीकरण समितिका संयोजक श्री तोयानाथ अधिकारीले गर्नुभएको थियो । उक्त कार्यक्रममा कमोडिटि डेरिभेटिभ्स् बजार विज्ञ, कमोडिटि डेरिभेटिभ्स् बजार संचालन गरिरहेका एक्सचेन्ज, क्लियरिङ्ग हाउसका संचालक, ब्रोकर लगायतको संलग्नता रहेको थियो । कार्यक्रममा प्रस्तावित वस्तु विनिमय बजार नियमावली सम्बन्धमा संक्षिप्त प्रस्तुती दिने क्रममा बोर्डका निर्देशक मुक्तिनाथ श्रेष्ठले वस्तु विनिमय बजार सम्बन्धी प्रस्तावित नियमावलीमा समेटिएका व्यवस्थाका विषयमा जानकारी दिनु भएको थियो ।

प्रस्तावित नियमावलीका विषयमा उपस्थित कमोडिटि डेरिभेटिभ्स् बजार विज्ञ तथा सम्बद्ध अन्य सरोकारवाला पक्षहरुबाट प्राप्त जिज्ञासाहरुको संबोधन गर्दै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, बोर्ड सदस्य एवं बोर्डका कानुन प्रवलीकरण समितिका संयोजक श्री तोयानाथ अधिकारीले वस्तु विनिमय बजारलाई नियमनको दायरामा ल्याउन बोर्ड प्रतिबद्ध रहेको र अन्तर्राष्ट्रिय मूल्य मान्यता बमोजिम सम्बद्ध पक्षबाट प्राप्त सुझावलाई प्रस्तावित नियमावलीमा समावेश गरिने बताउनुभयो । बोर्ड अध्यक्ष डा.कार्कीले नियमनको दायरामा आएको कमोडिटि डेरिभेटिभ्स् बजारको नियमनका साथै विकास तथा विस्तार गर्ने दायित्व बोर्डको काँधमा आएको र सो चुनौतीलाई प्रभावकारी ढंगमा सामना गर्न बोर्ड तयार रहेको जानकारी दिनुभयो । कार्यक्रमको संचालन बोर्डका उप निर्देशक निरञ्जय घिमिरेले गर्नु भएको थियो ।

## वस्तु विनिमय बजार नियमन सम्बन्धी बोर्डका कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम

बोर्डले कमोडिटी डेरिभेटिभ्स बजारको नियमन जिम्मेवारीलाई प्रभावकारी रुपमा पूरा गर्न बोर्डका कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले भारतको एमसिएक्स-इण्डिया (MCX-India) को प्राविधिक सहयोगमा कमोडिटी डेरिभेटिभ्स बजार विषयक दुई दिने प्रस्तुति तथा अर्न्तक्रिया कार्यक्रम २०७४ कार्तिक २९ र ३० मा सम्पन्न गरेको छ । नेपालमा विगत करिब १० वर्षदेखि सञ्चालनमा रहेको कमोडिटी डेरिभेटिभ्स बजारलाई नियमनको दायरामा ल्याउने उद्देश्य बमोजिम व्यवस्थापिका संसदले वस्तु विनिमय बजार सम्बन्धी विधेयक, २०७४ पारित गरेसँगै बोर्डले ऐनका व्यवस्थाहरु कार्यान्वयनमा ल्याउन आवश्यक वस्तु विनिमय बजार सम्बन्धी नियमावलीको मस्यौदालाई अन्तिम रुप दिने सन्दर्भमा कमोडिटी डेरिभेटिभ्स बजारको नियमन कार्य बोर्डका लागि नयाँ तथा थप प्राविधिक भएकोले पर्याप्त जानकारी प्राप्तिका लागि उक्त कार्यक्रम सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रममा एमसिएक्सका सह-उपप्रमुखद्वय देवज्योति र श्रीकान्त कौडिन्याले कमोडिटी डेरिभेटिभ्स बजारका आधारभूत पक्षहरु, बजारको आवश्यकता तथा फाइदाहरु, बजारमा रहेको जोखिमहरु, कारोबार विधि एवं राफसाफ तथा फछ्र्यौट प्रक्रिया, वस्तु हस्तान्तरण तथा वेयरहाउजीङ्ग, बजारको कानुनी तथा नियमनकारी मुद्दाहरु (Issues), बजारको प्रभावकारी नियमनका लागि नियमन निकायको भूमिका लगायतका महत्वपूर्ण विषयहरुमा प्रस्तुतिकरण गर्नु भएको थियो ।




*MCX-India को प्राविधिक सहयोगमा कमोडिटी डेरिभेटिभ्स् बजार विषयक दुई दिने प्रस्तुति तथा अन्तर्क्रिया कार्यक्रमको एक झलक*

उक्त कार्यक्रमको प्रमुख अतिथिको रुपमा रहनु भएका बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले यसअघि सेबीको प्राविधिक सहयोगमा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको स्मरण गर्दै कमोडिटी डेरिभेटिभ्स बजारको सन्दर्भमा सम्पन्न हुने यस कार्यक्रम अझ बढी प्रभावकारी र उपलब्धिमुलक हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

बोर्डका कार्यकारी निर्देशक परिष्ट नाथ पौड्यालले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा समापन मन्तव्य दिदै बोर्डका कार्यकारी निर्देशक निरज गिरीले वस्तु विनिमय बजार सम्बन्धी नियमावली तर्जुमा कार्य अन्तिम चरणमा रहेको सन्दर्भमा उक्त कार्यक्रम उल्लेखनीय भएको बताउँदै बजारको सही अर्थमा विकास, नियमन तथा प्रवर्द्धनका लागि

भावी दिनमा पनि यस प्रकारको सहयोगको अपेच्छा गर्दै एमसिएक्स-इण्डिया र उक्त संस्थाको प्रतिनिधिलाई धन्यवाद ज्ञापन गर्नुभयो । उक्त कार्यक्रम बोर्डका उप निर्देशक नारायण प्रसाद शर्माले सञ्चालन गर्नु भएको थियो ।

साथै, यस अघि मिति २०७४।०७।२६ मा बोर्डका निर्देशक डा. नवराज अधिकारीले कमोडिटी डेरिभेटिभ्स बजारको सैद्धान्तिक पक्ष तथा नियमन सम्बन्धी विषयमा बोर्डका कर्मचारीहरुलाई जानकारी प्रदान गर्नुभएको थियो । सो कार्यक्रममा कमोडिटी डेरिभेटिभ्स बजार विज्ञ विजय सत्याल तथा मर्कन्टाइल एक्सचेन्ज नेपाल लि.का सोनु जैन र नरेन्द्र प्रसाद भट्टले पनि कमोडिटी डेरिभेटिभ्स बजारका विषयमा प्रस्तुति दिनु भएको थियो ।

## नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंकबीच सूचना आदान प्रदान सम्झौता (२०७४।०७।२०)




*नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंकबीच सूचना आदान प्रदान सम्झौता कार्यक्रमको एक झलक*

बोर्डले २०७४ कार्त्तिक २० मा बैंकिङ्ग सूचना आदान प्रदान तथा पारस्परिक सहयोगसम्बन्धी नेपाल राष्ट्र बैंकसँग द्विपक्षीय समझदारी तथा सहयोग सम्झौता गरेको छ । धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO) को सिद्धान्त तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम आइएस्को (IOSCO) को एशोसियट सदस्य भैसकेको बोर्डले साधारण सदस्यता प्राप्त गर्न धितोपत्र बजारमा हुने कारोबार तथा अन्य गतिविधि सम्बन्धी कसुरको खोज/अनुसन्धानका लागि बैंकिङ्ग अभिलेखमा पहुँच हुनुपर्ने प्रावधान अनुसार वित्तीय प्रणालीका महत्वपूर्ण निकायका रुपमा रहेका बोर्ड र नेपाल राष्ट्र बैंक बीच उक्त समझदारी भएको छ । अर्थतन्त्रको दिगो विकासको लागि वित्तीय क्षेत्रका गतिविधिहरुलाई थप पारदर्शी एवं प्रतिस्पर्धी बनाई सर्वसाधारण लगानीकर्ताको हितको सुरक्षा सुनिश्चित गर्न वित्तीय क्षेत्रमा हुने गलत कार्यहरु बैंकिङ्ग कसूर तथा धितोपत्रको भित्री कारोवार लगायत अन्य विविध कसूरका कारण धितोपत्र बजार लगायत वित्तीय बजारमा हुन सक्ने दुर्घटना रोक्न तथा उत्पन्न हुन सक्ने जोखिमको समयमै सम्बोधन गरी मुलुकमा स्वच्छ, प्रतिस्पर्धी तथा विश्वसनीय धितोपत्र बजार एवं वित्तीय गतिविधिहरुमार्फत् वित्तीय स्थायित्व कायम गर्न बोर्ड र नेपाल राष्ट्र बैंक बीचको समन्वयकारी भूमिकाले महत्वपूर्ण योगदान दिने हुनाले उक्त सम्झौता गरिएको हो । यसबाट नेपाल धितोपत्र बोर्डले अन्तर्राष्ट्रिय क्षेत्रका अन्य धितोपत्र बजारका नियमन निकायसँग धितोपत्र बजारसँग सम्बन्धित कसुरको खोज तथा अनुसन्धानमा आवश्यक सहयोग गर्न तथा सहयोग लिन सक्ने महत्वपूर्ण आधार तयार भएको छ । अर्थ मन्त्रालयको रोहवरमा उक्त समझदारी पत्रमा बोर्डका तर्फबाट कार्यकारी निर्देशक परिष्टनाथ पौड्याल र नेपाल राष्ट्र बैंकको तर्फबाट कार्यकारी निर्देशक नारायण प्रसाद पौडेलले हस्ताक्षर गर्नु भएको थियो । उक्त अवसरमा बोर्डका निर्देशक डा.नवराज अधिकारी र नेपाल राष्ट्र बैंकका निर्देशक हरिशरण के.सी. को समेत उपस्थिति रहेको थियो ।

प्रमुख सल्लाहकार
**डा. रेवत बहादुर कार्की, अध्यक्ष**

सल्लाहकार
**परिष्टनाथ पौड्याल, कार्यकारी निर्देशक**
**निरज गिरी, कार्यकारी निर्देशक**

सम्पादक
**डा. नवराज अधिकारी, निर्देशक**

सह सम्पादक
**रुपेश के.सी., उप निर्देशक**

सहायक सम्पादक
**रेवत श्रेष्ठ, अधिकृत**

प्रकाशक :

**नेपाल धितोपत्र बोर्ड**, पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोन: ०१–५५४१०५७, ५०००२०१, ५०००१६२, फ्याक्स:०१– ५५४१०५८, टोल फ्रि हटलाइन नं: १६६०–०१–४४४३३, वेबसाइट: http://www.sebon.gov.np, इ–मेल: support@sebon.gov.np